**आज मिति २०७७ साल श्रावण ०२ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. प्रशासकीय भवनको बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।

२. एम्बुलेन्स खरिद सम्बन्धमा ।

३. रोजगार संयोजकको करार अवधि थप गर्ने सम्बन्धमा ।

४. एक गाउँ एक प्राविधिक सम्बन्धमा ।

५. गाउँपालिका कर्मचारीहरुको करार अवधि थप गर्ने सम्बन्धमा ।

६. स्वास्थ्य शाखा अनमीहरुको करार अवधि सम्बन्धमा ।

७. ट्याक्टर चालकको विज्ञापन सम्बन्धमा ।

८. आलेप कर्मचारीलाई सरुवा सहमति दिने सम्बन्धमा ।

९. प्राविधिक सहयोग सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६७ मा बोलपत्र स्विकृत गर्ने सम्बन्धमा रु. ३ करोड रुपैयाको राज पत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुखले गर्ने ब्यवस्था भए अनुसार माण्डवी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागत अनुमान रु. ३ करोड भन्दा बढि भएकाले सोही नियमको १(क) अनुसार सार्वजनिक निकायको प्रमुख उपनियम(१) बमोजिम बोलपत्र आफैले स्विकृत गर्न नमिल्ने भएमा एक तह माथीको अधिकारीबाट स्विकृत गराउनु पर्ने कानुनी ब्यवस्था अनुसार गाउँपालिकाको प्रशासकीय भवनको बोलपत्र स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व. २०७७/०७८ मा माण्डवी गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका बृद्ध, बृद्धा, अपाङ्ग, असहाय विरामी ब्यक्तिको सेवा उद्देश्यका साथ एम्बुलेन्स खरिद गर्ने योजना रहेको हुँदा एम्बुलेन्सको भन्सार छुटको लागि स्वास्थ्य कार्यालय प्यूठानमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३. माथि छलफल गर्दा रोजगार संयोजकको पदपुर्ती र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा २३ बमोजिम यस मन्त्रालयबाट यसपूर्व पदपुर्ती र करार र करार सम्झौता गरी यस माण्डवी गाउँपालिकामा कामकाज गर्दै आउनुभएका रोजगार संयोजक श्री उर्मिला के.सी. को करार अवधि मिति २०७७ साउन महिना १ गते देखि २०७७ पौष मसान्त सम्मका लागी करार अवधि थप गर्ने निर्णय गरियो ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
५ नं. प्रदेश नेपाल
२०७३

निर्णय नं. ४. प्रस्ताव नं. ४. माथि छलफल गर्दा  यस माण्डवी गाउँपालिकामा एक गाउँ एक घर प्राविधिकको रुपमा कार्यरत श्री निम प्रसाद अधिकारी र बालाराम भण्डारीको यही मिति २०७७ श्रावण १ गते देखि २०७७ साल पौष मसान्त सम्मका लागि करार अवधि थप गर्ने निर्णय गरियो । साथै सोही पदमा कार्यरत श्री लक्ष्मी गौतमले राजीनामा दिई सो पद रिक्त भएकाले उक्त पदमा विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५. माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरु वडा सचिवहरु, प्राविधिकहरु, सामाजिक परिचालकहरु र कार्यालय सहयोगीहरुको करार अवधि २०७७ साल साउन महिनाको १ गते देखि २०७७ साल पौष मसान्त सम्मका लागि थप गर्ने निर्णग गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६. माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकामा कार्यरत  स्वास्थ्य शाखाका दरवन्दी बाहेकका अनमिहरुको अति आवश्यक भएकाले यही मिति २०७७ साउन १ गते देखि २०७७ पौष मसान्त सम्मका लागी करार अवधि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं. ७. माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको कार्यालयका लागी एक जना ट्याक्टर चालकको आवश्यकता भएकाले यस कार्यालयको नियम अनुसार सेवा सुविधा दिने गरी सो पदको विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. प्रस्ताव नं. ८. माथि छलफल गर्दा रोल्पा सुनछहरी गाउँपालिकाको आलेप शाखामा कार्यरत पाचौं तहका स्थाई कर्मचारी श्री मित्रमणि पौडेल यस माण्डवी गाउँपालिका कार्यालयमा रिक्त रहेको आलेप शाखामा सरुवा भई आउन इच्छुक भएकाले निज मित्रमणि पौडेललाई सरुवा सहमति दिने निर्णय गरियो ।

निर्णय नं. ९ . प्रस्ताव नं. ९. माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आ.व. २०७७/०७८ का लागि अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माणका लागि संघीय सरकारबाट रु. १ करेड विशेष अनुदान अन्तर्गत प्राप्त भएको छ । माण्डवी गाउपालिकाले प्रदेश सरकारको समपुरक कोष अन्तर्गत झिमरुक र माडी नदी करिडोरमा बृहत कृषि पकेट क्षेत्रका लागि रु. १ करोडको आयोजना माग गरिएको र कोभिड-१९ रोगका कारण रोजगारी गुमाएका युवा लक्षित कार्यक्रममा समेत रु. १ करोड प्रदेश सरकारको समपुरक कोषबाट कार्यक्रम कार्यान्वयन गर्ने गरि माग गरिएको छ । माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न यस गाउँपालिकामा प्राविधिक रुपमा सहयोग गर्ने कृषिका कुनै कर्मचारी नभएकाले त्याहाँ मन्त्रालयबाट प्राविधिक सहयोग गर्न कर्मचारी खटाई वा परामर्श दिई सहयोग गरि उल्लेखित कार्यक्रमहरुको सहज कार्यान्वयनमा सहजीकरण गर्न प्राविधिक सहयोग भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत